# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
## Securities Board of Nepal
**(Established by the Government of Nepal under Securities Act)**


प.सं. 062/63 01C मितिः २०७२।८।२०
चलानी नम्बरः ४४५

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषयः निर्देशन दिइएको बारे ।**

महाशय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को व्यवस्था बमोजिम तहाँलाई देहायका निर्देशन दिइएको व्यहोरा संचालक बोर्डको निर्णयानुसार जानकारी गराउँदछु ।

१. खारेजी, कारोबार रोक्का, निलम्बन, मर्जरमा परेका बाहेक सम्पूर्ण सूचीकृत कम्पनीहरुको धितोपत्रहरु २०७२ पुष मसान्तसम्ममा अभौतिकीरकण गरी अभौतिक रुपमा कारोबार गर्न आवश्यक कार्य गर्ने/गराउने ।

२. धितोपत्रको कारोबार प्रणाली २०६४ देखि स्वचालित भईसकेको तथा २०६७ मा धितोपत्रको केन्द्रीय निक्षेप तथा राफसाफ सेवाको लागि स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि. मा अधिकांश सूचीकृत कम्पनीहरु अभौतिकीकरण भैसकेको तथा विद्युतीय नामसारी र राफसाफको लागि समेत पूर्ण संचालनका लागि आवश्यक व्यवस्था समेत भैसकेको परिप्रेक्ष्यमा २०७२ माघ एक गतेबाट धितोपत्र कारोबारको पूर्ण स्वचालित सेवा (Full Automation) संचालन गर्ने व्यवस्था गर्ने/गराउने ।

३. वि.सं. २०६४ सालमा खुल्ला बोल कबोल प्रथाबाट स्वचालित कारोबार प्रणालीमा बजार व्यवस्थापन गर्ने क्रममा बजारको गहिराई धितोपत्र दलाल व्यवसायीको तहमा मात्र उपलब्ध हुने गरेकोमा हाल लगानीकर्ताहरुबाट बजारको गहिराईमा पहुँच हुनुपर्ने माग आईरहेको तथा प्रतिस्पर्धी मूल्य निर्धारणका लागि बजारको गहिराई हेर्न धितोपत्र दलाल व्यवसायीलाई दिएजस्तै गरी सम्पूर्ण लगानीकर्ताहरुलाई बजारको गहिराई (Market Depth) तत्काल हेर्न दिने व्यवस्था गर्ने/गराउने ।

<u>बोधार्थ तथा कार्यार्थः</u>
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
थापाथली, काठमाडौं ।

(विनयदेव आचार्य)
नि. कार्यकारी निर्देशक


Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np